# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, असोज ६ गते २०५१ साल (अतिरिक्ताङ्क २६ (ग)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

राजप्रतिनिधि परिषद्‌का अध्यक्ष श्री ५ युवराजाधिराजबाट प्रधान न्यायाधीश श्री विश्वनाथ उपाध्याय मिति २०५१ साल असोज ३ गतेदेखि केही दिनको लागि घर बिदामा बस्नु भएकोले उहाँ अदालतमा हाजिर नभएसम्मको अवधिका लागि सर्वोच्च अदालतका न्यायाधीश श्री सुरेन्द्रप्रसाद सिंहलाई नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम कायम मुकायम प्रधान न्यायाधीश भई काम काज गर्न तोकिबक्सेको छ ।

### सूचना २

श्री ५ महाराजाधिराजका हजूरमा भारतका लागि शाही नेपाली राजदूत श्री चक्रप्रसाद वास्तोलाले राजदूत पदबाट चढाउनु भएको राजीनामा राजप्रतिनिधि परिषद्‌का अध्यक्ष श्री ५ युवराजाधिराजबाट स्वीकृत गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१०५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।